नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्याः २०७५।७६

मितिः २०७६।०२।२४

चलानी नं. 633

विषयः आयोगको निर्णय सम्बन्धमा ।

श्री स्थानीय तहहरु, सबै ।

राष्ट्रिय समावेशी आयोगको पत्र संख्या २०७५।०७६ च.नं. १०५ मिति २०७६।०२।१६ को पत्रबाट उक्त आयोगको मिति २०७६।०२।१५ मा भएको निर्णय सबै स्थानीय तहमा कार्यान्वयनका लागि लेखी पठाउने भनी यस मन्त्रालयमा प्राप्त हुन आएकोले यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

केशवराज पार्धे
शाखा अधिकृत

बोधार्थः

श्री राष्ट्रिय समावेशी आयोग, पुल्चोक ललितपुर ।
श्री सूचना प्रविधि शाखाः यस पत्रलाई मन्त्रालयको web site मा upload गरिदिनुहुन अनुरोध छ ।

# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर

पत्र संख्याः ०७५।०७६

चलानी नं.: १०५

मिति :-२०७६/०२/१६

विषयः आयोगको निर्णय सम्वन्धमा ।

श्रीमान् सचिवज्यू
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ ।

खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरण गरी समाजमा सम्मानपूर्वक बाँच्न पाउने अवस्था सिर्जना गर्न आवश्यक पर्ने नीतिगत, कानूनी तथा कार्यक्रमहरुका लागि आर्थिक वर्ष २०७६/०७७ को स्थानीय तहको वजेट तथा कार्यक्रममा सम्बोधन गर्न आयोगबाट गरिएको सिफारिसको पत्र यसैसाथ संलग्न छ । आयोगको संलग्न सिफारिस संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा कार्यान्वयनका लागि पठाउने भनि आयोगबाट मिति २०७६/०२/१५ मा निर्णय भएकोले आयोगको निर्णय कार्यान्वयनको आवश्यक व्यवस्थाका लागि हार्दिक अनुरोध गर्दछु ।

(अनिल राज शर्मा)
उपसचिव

# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर

पत्र संख्या: ०७५।०७६
चलानी नं.: १०४

मिति :-२०७६/०२/१६

विषयः आयोगको निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गाउँपालिका सवै

खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवं सीमान्तीकृत समुदाय तथा पिछिडएको वर्ग र कर्णाली तथा आर्थिक रुपले विपन्न वर्ग लगायतका समुदायको हक अधिकारको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरण गरी समाजमा सम्मानपूर्वक बाँच्न पाउने अवस्था सिर्जना गर्न आवश्यक पर्ने नीतिगत, कानूनी तथा कार्यक्रमहरुका लागि आर्थिक वर्ष २०७६/०७७ को स्थानीय तहको बजेट तथा कार्यक्रममा तपसील बमोजिमका विषयहरु सम्बोधन गर्न सिफारिस गरी सवै महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकामा पठाउने भनि आयोगबाट मिति २०७६/०२/१५ मा निर्णय भएकोले आयोगको निर्णय कार्यान्वयनको आवश्यक व्यवस्थाका लागि अनुरोध छ ।

१. जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिमा अल्जाइमर, स्पायनल कर्ड इन्जुरी, अटिजम, पार्किन्सन जस्ता रोगहरुको वारेमा सचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने । यस्ता रोगहरुको पहिचान गर्न स्थानीय निकायका वडा तथा सामुदायिक प्रहरीको परिचालन गरी तथ्याङ्क अध्यावधिक गर्ने। स्वास्थ्य उपचारका लागि आयको आधारमा एकल, शारीरीक तथा मानसिक अशक्त, परित्यक्य तथा संरक्षण विहिनका लागि स्वास्थ्य उपचार निशुल्क वनाउदै लैजाने । स्वास्थ वीमाको माध्यमबाट उपचार गर्ने व्यवस्थामा वीमाको प्रिमियम रकम प्रदेश सरकार र स्थानीय तहले भूक्तानी नीति अवलम्वन गर्ने ।

२. खस आर्य, पिछडावर्ग, अल्पसङ्ख्यक एवं सीमान्तकृत समुदाय लगायतका भाषा, संस्कृति, लिपी, कलाको अध्ययन अनुसन्धान गरी संरक्षण र सम्वर्धन गर्ने । खसआर्य तथा पिछडा वर्गको भेषभुषा, कला, संस्कृति, भाषा, रितीरिवाज, सभ्यता एवं जीवनपद्धतीको संग्रह र प्रदर्शन हुने गरी संग्रहालयको स्थापना गर्ने ।

३. कृषकहरुलाई प्रदेश सरकार तथा स्थानीय तहले उपलव्ध गराउने विभिन्न सुविधा तथा अनुदान वास्तविक किसानसम्म पुऱ्याउनका लागि हालसम्मका कार्यक्रमको प्रभावकारिता

# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर

राष्ट्रिय समावेशी आयोग नेपाल

पत्र संख्याः

चलानी नं.:

अध्ययन गरी अनुदान प्रणालीमा पुनरावलोकन गर्ने र कृषकलाई दिइने अनुदान भौचर/बैंकिङ्ग प्रणाली मार्फत उपलव्ध गराउने ।

४. कृषि उपज खरीद तथा संकलन गर्ने स्थानीय वजार केन्द्र/ हाट वजार व्यवस्थित गर्ने । कृषि उत्पादनको न्युनतम सुल्य तोकी वीमा गर्ने व्यवस्था गर्ने । कृषकलाई उचित मूल्य प्रदान गर्न किसान र वजार वीच काम गर्ने मध्यस्थकर्ताको स्थानीयतहमा पहिचान र दर्ता अनिवार्य गर्ने ।

५. भूमि भएका र भूमिहीन कृषि मजदुरको पहिचान र वर्गीकरण नेपाल सरकारको समन्वय र नीतिगत व्यवस्था अनुरुप गर्ने । कृषि मजदुर परिचयपत्र वितरण गर्ने । परिचयपत्र वितरण गर्दा भूमिहीनको पहिचान छुट्टै झल्कनेगरी गर्ने र त्यस्ता भूमिहिन कृषि मजदुर र युवाहरुलाई सरकारी, पर्ती र बाँझो जग्गा निश्चित मापदण्डको आधारमा करारमा खेती गर्न उपलव्ध गराउने । कृषिसंग सम्वन्धित सहकारीलाई नियमन गर्न संस्थागत क्षमता आभिवृद्धि गरी सहकारीको विश्वसनियता र कार्यदक्षता अभिवृद्धि गर्ने । कृषि योग्य जमिन बाँझो राख्नेलाई उच्च दरमा कर तथा शुल्क लगाउने ।

६. जैविक प्रविधिको प्रयोग र वर्णसंकर जातका वीउवीजनको आयात संगै कृषिमा बढिरहेको जोखिम न्युनिकरण गर्न जैविक तथा प्राङ्गारिक मल, औषधि, भ्याक्सिन स्वदेशमा नै उत्पादन गर्न अनुदान तथा छुटको माध्यमबाट प्रोत्साहन गर्ने ।

७. विषादिको अनावश्यक उत्पादन, वितरण र प्रयोग हुन नदिन स्थानीय तहबाट नै नियमन हुने संयन्त्र निर्माण गर्ने ।

८. नेपालको मौलिक पहिचान र उच्च उत्पादकत्व भएका वीउ विजनको संरक्षण र विस्तारमा जोड दिने । नेपालका जैविक स्रोत र परम्परागत ज्ञानको संरक्षण र प्रचारप्रसार गर्ने ।

९. स्थानीय उत्पादनलाई स्थानीयस्तरमा नै प्रशोधन गरी मुल्य अभिवृद्धि हुने वस्तुहरु उत्पादन तथा वितरणको लागि लगानी वढाउने ।

१०. कृषकका लागि कृषिसंग सम्वन्धित विषयमा जानकारी गराउन कृषक पाठशाला/कृषि सूचना लगायतका कृषिसंग सम्वन्धित कार्यक्रमहरु स्थानीय स्तरसम्म स्थानीय भाषाको माध्यमबाट समेत संचालन गर्ने ।

११. जेष्ठ नागरिक पारिवारिक/सामाजिक हिंसा, दुर्व्यवहार को नियन्त्रणका लागि आकस्मिक समस्या सुनुवाइको लागि हेल्पलाईनको व्यवस्था गर्ने ।जेष्ठ नागरिक स्याहार तथा हेरचाह केन्द्र, शहर तथा वस्तीमा मनोरञ्जन पार्क, धार्मिक तथा आध्यात्मिक पार्क, खेलकुद मैदानको क्रमिक रुपमा विस्तार गर्दै जाने ।

१२. जेष्ठ नागरिकमा भएको अनुभव, ज्ञान र सीपलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न नीति निर्माण, अनुसन्धान तथा वौद्धिक ज्ञान विस्तारका क्षेत्रमा जेष्ठ नागरिकलाई सहभागी गराउने नीति अवलम्वन गर्ने ।

१३. ग्रामिण क्षेत्रमा रहेका र विगतमा शिक्षाबाट बञ्चित निरक्षर पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सिमान्तकृत समुदाय तथा विपन्न वर्गका विद्यालय जाने उमेर नाघेका तर शिक्षाबाट बञ्चित व्यक्तिहरुका लागि अनौपचारिक शिक्षा/प्रौढ शिक्षाको व्यवस्था गर्ने ।अपाङ्गता भएका व्यक्तिहरुको लागि शिक्षामा सहज पहुँचको व्यवस्था गर्ने ।जेष्ठ नागरिक तथा अपाङ्गता भएका असहाय व्यक्तिहरुको लागि वृद्धाश्रम तथा स्याहार केन्द्रहरु सञ्चालन गर्ने ।

१४. पिछडावर्ग, सीमान्तकृत, विपन्न, पिछडिएको वर्ग, क्षेत्र र समुदायको सशक्तीकरणको लागि सीप विकास तथा क्षमता अभिवृद्धि सम्वन्धी विशेष कार्यक्रमहरु सञ्चालन गर्ने ।यसका लागि पर्याप्त वजेट विनियोजन गर्ने ।

१५. अपाङ्गता भएका व्यक्तिहरुका लागि सूचना पार्क, खेलकुद मैदान र मनोरञ्जन पार्क निर्माण गर्ने । अपाङ्ग मैत्री सर्वजनिक सवारी साधन (हाइड्रोलिक लिफ्ट, र्याम्प आदी) संचालनका लागि थप प्रोत्साहन दिने ।

१६. आगामी दिनमा निर्माण हुने भवन तथा सडक लगायत सार्वजनिक भौतिक संरचना र पूर्वाधारलाई अपाङ्गमैत्री वनाउने तथा भएका संरचना तथा पूर्वाधारलाई क्रमशः अपाङ्गमैत्री वनाउदै लैजाने । खानेपानी तथा शौचालयमा सहज पहुँच पुर्‍याउन सार्वजनिक संरचना तथा विद्यालयका शौचालय एवं धाराहरु अपाङ्गमैत्री वनाउने ।

# राष्ट्रिय समावेशी आयोग

पुल्चोक, ललितपुर

पत्र संख्या:

चलानी नं.:

१७. अपाङ्गता भएका व्यक्तिको अपाङ्गताको स्वरुप अनुसार पेशा वा व्यवशाय गर्नसक्ने आपाङ्गता भएका व्यक्तिहरुलाई क्षमता विकासगरी रोजगार/स्वरोजगार हुने अवसर निर्माण गर्ने ।

१८. पिछडिएको वर्ग, सीमान्तकृत समुदाय,अति विपन्न र लोपोन्मुख वर्गका बालबालिकाका लागि दिवा खाजा, छात्रवृत्ति तथा आवासिय सुविधा सहितको विद्यालय जस्ता कार्यक्रमको कार्यान्वयन गरी विद्यालय छोडने प्रवृत्ति न्यूनिकरण गर्ने ।

१९. पिछडिएको वर्ग, सीमान्तकृत समुदाय,अति विपन्न र लोपोन्मुख वर्गका महिला, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ परीक्षण निशुल्क गर्ने व्यवस्था मिलाउने ।यी वर्ग तथा समुदायमा सहज रुपमा स्वास्थ्य सेवा पुऱ्याउन ग्रामीण क्षेत्रको स्वास्थ्य केन्द्रहरुमा न्युनतम एक जना डाक्टर अनिवार्य रहने व्यवस्था गर्ने । अस्पतालमा टेलीमेडिसिन प्रविधिको माध्यमबाट स्वास्थ्य सेवालाई विश्वसनिय वनाउने ।कानूनी उपचारको लागि निशुल्क कानूनी परामर्श सेवा उपलव्ध गराउने ।

२०. अनौपचारिक क्षेत्रका श्रमिकहरुको पहिचान र पंजिकरण गरी अनौपचारिक श्रमलाई औपचारिक गर्दै लैजाने। पिछडिएको वर्ग, सीमान्तकृत समुदाय,अति विपन्न र लोपोन्मुख समुदाय तथा वर्गलाई विकास निर्माणका कार्यमा परिचालन गरी न्युनतम रोजगारीको प्रत्याभूत गर्ने ।

२१. विभिन्न प्रतिष्ठानहरुमा न्युनतम ज्याला, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्वन्धी मापदण्ड कार्यान्वयनको अनुगमन र नियमन गर्ने निकायको व्यवस्था गरी मौजुदा कानूनको परिपालनालाई प्रभावकारी वनाउने।

.................................

(अनिल राज शर्मा )

उपसचिव